आज मिति २०८०।१२।०६ गते बुधबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थितिः**

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | परिमाया | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. आयुष पण्डित, अधिकृत सातौं
२. उद्गम तिमिल्सिना, ले.अ. छैटौं
३. तेज कुमार धमला, अधिकृत छैटौं

Scanned with CamScanner

## कार्यपालिकाको प्रस्ताव पेश कार्यसूची

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इच्छाकामना-४, कुरिनटार चितवन
बागमती प्रदेश, नेपाल

ठक संख्या: ३७
ध्यक्षता: श्री दान बहादुर गुरुङ
ठक मिति: २०८०।१२।०६
ठक स्थान: इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
ठक समय: विहान ११:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८०।१२।०६ | ११:०० बजे | गाउँ कार्यपालिकाको क्षेत्राधिकारभित्र रही कार्यविधिहरु पारित गर्ने सम्बन्धमा। | न्यायिक शाखा | १ |
| २०८०।१२।०६ | ११:१५ बजे | निर्णय अनुमोदन सम्बन्धमा। | प्रशासन शाखा | २ |
| २०८०।१२।०६ | ११:२० बजे | भालुमारा गुरुङ समाजलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | सामाजिक विकास शाखा | ३ |
| २०८०।१२।०६ | ११:२५ बजे | आ.व. २०८०।०८१ को दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा। | प्रशासन शाखा | ४ |
| २०८०।१२।०६ | ११:३० बजे | नदीजन्य प्राकृतिक स्रोतको उत्खनन्, संकलन तथा उपभोग सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ५ |
| २०८०।१२।०६ | ११:३५ बजे | वाइन टु वाटरसंगको साझेदारीमा सञ्चालित योजनाहरुको बजेट बाँडफाँट सम्बन्धमा। | योजना शाखा | ६ |
| २०८०।१२।०६ | ११:४५ बजे | समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम सम्बन्धमा। | पशु विकास शाखा | ७ |
| २०८०।१२।०६ | ११:५० बजे | सिमलढाप खोला र रिग्दी खोलाको IEE गर्नको लागि पेश हुन आएको TOR सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ८ |
| २०८०।१२।०६ | १२:०५ बजे | वडा नं. ७ स्थित उपर्दाङगढीमा सुरक्षाको लागि प्रयोग भएको तोपको खोजी गरी पुनः फिर्ता ल्याउने सम्बन्धमा। | प्रशासन शाखा | ९ |
| २०८०।१२।०६ | १२:१५ बजे | विभिन्न योजनाहरुमा उपयोग गर्न माग भई आएको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी एवं बालुवा) उपलब्ध गराउने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १० |

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

**पूर्व बैठकको समीक्षा**

मिति २०८०।११।०८ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो ।

**३७ औं कार्यपालिका बैठकको निर्णयहरु:**

निर्णय नं.१: इच्छाकामना गाउँपालिका, गाउँ कार्यपालिकाको क्षेत्राधिकार भित्र रही देहाय वमोजिमका कार्यविधिहरु/निर्देशिका स्वीकृत गर्ने।

देहायः

(क) इच्छाकामना गाउँपालिकामा सहकारी संस्था दर्ता, एकीकरण तथा विघटन सम्वन्धी निर्देशिका, २०८०।

(ख) इच्छाकामना गाउँपालिका बाल संरक्षण कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०८० ।

(ग) विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८०।

निर्णय नं.२: प्रदेश लोक सेवा आयोग बागमती प्रदेश, हेटौंडाबाट यस गाउँपालिकामा कृषि अधिकृत सातौं वा सो सहको पदमा स्थायी नियुक्तिको लागि सिफारिस भई आउनु भएका श्री समिक्षा पौडेललाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १७ मा भएको व्यवस्था बमोजिम स्थायी नियुक्ति तथा पदस्थापन गर्ने मिति २०८०।१२।०२ गतेको गाउँपालिका अध्यक्षस्तरीय निर्णय अनुमोदन गर्ने।

निर्णय नं.३: इच्छाकामना गाउँपालिका वडा नं. ७ सुन्दरवस्तीमा रहेको भालुमारा गुरुङ समाजले मिति २०८०।०९।१५ गते तमु ल्होसारको अवसर पारेर विविध साँस्कृतिक कार्यक्रम सम्पन्न गरेकोले उक्त संस्थालाई आर्थिक सहयोग बापत प्राप्त बिल भर्पाईका आधारमा रु. २५,०००।- (अक्षरेपि पच्चिस हजार मात्र) रकम उपलब्ध गराउने।

निर्णय नं.४: आ.व. २०८०।०८१ को दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम इच्छाकामना गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय परिसरमा मिति २०८०।१२।२९ गते विहिबारका दिन आयोजना गर्ने।

निर्णय नं.५: नेपाल सरकारको रणनीतिक सडक विस्तार योजना अन्तर्गतको पृथ्वी राजमार्ग अन्तर्गत मलेखु-मुग्लिङ सडक आयोजनाको Contractor; SHARMA-ZICG JV (Contract No. SRCTIP-DOR-W-NNM-ICB-03) लाई गाउँपालिकावाट स्वीकृत IEE प्रतिवेदनको अधिनमा रही प्रदेश कानून वमोजिम तोकिएको राजश्व रकम अग्रिम रुपमा दाखिला गरी त्रिशुली नदी किनारको सोता बगरवाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) उत्खनन् गरी घाटगद्दी गरी गाउँपालिकाको प्राविधिकको प्रत्यक्ष निगरानी र नापजाँच पश्चात मात्र निकासी गर्ने गरी उक्त आयोजनामा नै प्रयोग गर्न अनुमति प्रदान गर्ने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इच्छाकामना-४, कुरिनटार चितवन
बागमती प्रदेश, नेपाल

निर्णय नं.६: आ.व. २०८०।०८१ मा इच्छाकामना गाउँपालिका, वाइन टु वाटर र उपभोक्ताको त्रिपक्षीय लागत साझेदारीमा सञ्चालित खानेपानी तथा सरसफाईसँग सम्बन्धित योजनाहरुका लागि सम्झौता बमोजिम गाउँपालिकाको तर्फबाट वेहोर्नुपर्ने २५% लागत चालु आ.व. को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गतको वाइन टु वाटर साझेदारी शिर्षकमा विनियोजित बजेटबाट योजनाहरुको स्वीकृत लागतका आधारमा देहाय बमोजिम बाँडफाँट गर्ने।

देहायः

| क्र.सं. | योजनाको नाम | वडा नं. | गाउँपालिकाको तर्फबाट बेहोर्ने लागत रु.(कुल लागतको २५%) | कैफियत |
|---|---|---|---|---|
| १. | चौकीडाँडा खानेपानी तथा सरसफाई उपभोक्ता समिति | १ | २५,११,२८०।८९ | |
| २. | दाहाखानी खानेपानी तथा सरसफाई उपभोक्ता समिति | ७ | २४,०९,९२७।४२ | |
| ३. | विद्यालय खानेपानी सरसफाई तथा स्वच्छता (वाश) कार्यक्रम रा.आ. वि. मायाटार | २ | १,७८,५१३।९७ | |
| ४. | विद्यालय खानेपानी सरसफाई तथा स्वच्छता (वाश) कार्यक्रम ढुङ्ग्रे मा.वि. | ६ | ३,८१,९४०।६४ | |
| ५. | विद्यालय खानेपानी सरसफाई तथा स्वच्छता (वाश) कार्यक्रम रा.आ.वि. पैरेनी | ६ | २,९१,४६७।७२ | |
| ६. | छापडाँडा खानेपानी तथा सरसफाई उपभोक्ता समिति | | २२,६४,९७४।४० | |
| ७. | दुम्किम हेप्चेक खानेपानी तथा सरसफाई उपभोक्ता समिति | | १९,९४,३१४।८० | |
| ८. | खेतबारी खानेपानी तथा सरसफाई उपभोक्ता समिति | ७ | १७,८०,८८६।०७ | |
| | कूल | | १,१८,१३,३०५।९१ | |

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं.७: बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा सञ्चालन गरिने समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रमको लागि यसै गाउँपालिकाको वडा नं. ६ मा बाख्रापालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न उक्त कार्यक्रमको लागि गाउँपालिकाको तर्फबाट २० प्रतिशत लागत साझेदारीको प्रतिबद्धता सहित बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा माग गरी पठाउने।

निर्णय नं.८: यस गाउँपालिकाको वडा नं. ७ मा पर्ने सिमलढाप खोला र रिग्दीखोलाबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन् तथा संकलन गर्ने प्रयोजनको लागि IEE Report तयार गर्न पेश भएको TOR स्वीकृत गर्ने।

निर्णय नं.९: इच्छाकामना गाउँपालिकाको वडा नं. ७ मा रहेको ऐतिहासिक, प्राचिन र सैनिक महत्वको स्थल उपर्दाङढीमा तत्कालिन समयमा सुरक्षाको लागि प्रयोग भएको तोप अन्यत्र लगिएकोले उक्त तोपको आवश्यक खोजी कार्य गरी उपर्दाङगढीमा नै फिर्ता ल्याई गाउँपालिकाको संरक्षणमा रहने गरी राख्नको लागि आवश्यक पहल गरिदिन श्री नयाँ सबुज गण भरतपुर, चितवनलाई अनुरोध गर्ने।

निर्णय नं.१०: विभिन्न निर्माण व्यवसायिहरुले विभिन्न स्थानमा सञ्चालित निर्माण कार्यहरुको लागि माग गर्नु भएको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी एवम् बालुवा) सम्वन्धमा यस गाउँपालिका भित्रका खोलानालाहरुबाट गाउँपालिकाद्वारा स्वीकृत IEE प्रतिवेदनको अधिनमा रही माग भएको परिमाणको राजश्व अग्रिम रुपमा गाउँपालिकामा बुझाउने गरी गाउँपालिकाका प्राविधिक एवं कर्मचारीहरुको प्रत्यक्ष निगरानीमा माग गरिएको परियोजनामा नै प्रयोग गर्ने गरी देहायबमोजिमका निर्माण व्यवसायिहरुलाई उपलब्ध गराउने।

(क) New SB Construction लाई रत्ननगर नगरपालिकाद्वारा आ.व. २०८०।०८१ मा सञ्चालित प्राथमिकता प्रास विभिन्न योजनाहरुमा उपयोग गर्न।

(ख) के.बि.सि. विल्डर्स कम्पनी प्रा. लि. भरतपुर -१०, चितवनलाई पूर्वाधार विकास कार्यालय, भरतपुर, चितवनद्वारा सञ्चालित योजना Construction of Bridge Over Kerunga Khola at Border of Bharatpur 23&24 Chitwan.( Contract no. IDO/CHT/W/NCB/51/079-80) मा उपयोग गर्न।

(ग) रोजन निर्माण सेवा प्रा. लि. किर्तिपुर -१, काठमाडौंलाई पूर्वाधार विकास कार्यालय, भरतपुर, चितवनद्वारा सञ्चालित योजना Bharatpur Ward no. 20 Karyalaya Dekhi Bhimchandra School Hudei Dristi Chowk Gorkha Chowk Madhu Puri School (Amrit Marga) ( Contract no. IDO/CHT/W/NCB/70-077/078) मा उपयोग गर्न।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

Scanned with CamScanner